# आठौं आवधिक योजना २०४९/०५० - २०५३/०५४ मा हुलाक

## खण्ड – १

## विगतका विकास प्रयास, उपलब्धी र समस्याहरु

### भौतिक प्रगति स्थितिः

### ३. यातायात तथा सञ्चारः

### ३.२ सञ्चारः

#### (क) हुलाक सेवाः

आ.व. २०१७/१८ साल सम्ममा देशभर कुल हुलाक संख्या ४०९ थियो। यस आधारमा १ हुलाकले सरदर १३२ वर्ग मीलका २२,२५२ जनसंख्यालाई सेवा पुऱ्याएको अनुमान थियो। आ.व. २०३१/३२ मा देशमा १००६ हुलाक संख्या पुग्न गयो। जसमध्ये गोश्वारा हुलाक १, जिल्ला हुलाक ७४, छोटी हुलाक २५४ र अतिरिक्त हुलाक ६७८ थिए। आ.व. २०४६/४७ मा नेपालमा कुल हुलाक संख्या २२३१ पुगेको थियो। यसरी २०४६/४७ मा प्रति हुलाकले ६६ वर्ग कि.मि.का ८१०० जनासंख्यालाई सेवा प्रदान गरेको थियो।

आ.व. २०४७/४८ मा अधिराज्यमा गोश्वारा हुलाक १, जिल्ला हलाक ७४, इलाका हुलाक ४७७, अतिरिक्त हुलाक १६७९ गरी कुल २२३१ हुलाकहरु सञ्चालन भएका थिए। आ.व. २०४८/४९ को अन्तसम्ममा जम्मा हुलाक संख्या २२७१ पुगेको छ। यसरी २०४८/४९ को अन्तसम्ममा १ हुलाकले ६५ वर्ग किलोमिटरका ८१४६ जनसंख्यालाई सेवा प्रदान गरेको छ।

## खण्ड – ३

## क्षेत्रगत नीति तथा कार्यक्रम

### सञ्चार

### सातौं योजनाको प्रगतिः

सातौं योजना अवधिमा सञ्चार क्षेत्रको विकास र विस्तारका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएकोमा निम्नअनुसार प्रगति भएको छ।

**(क) हुलाक सेवा**

| १. हुलाक स्थापना | संख्या |
|---|---|
| • ईलाका हुलाक | ८० |
| • अतिरिक्त हुलाक | २६० |
| २. डाँक रेखा विस्तार | २४ |

| | |
|---|---|
| ३. भवन निर्माण तथा विस्तार | |
| • नयाँ भवन निर्माण | ३ |
| • चालु भवन निर्माण | १२ |
| • भवन विस्तार | १ |
| ४. वित्तीय सेवा विस्तार | |
| • धनादेश सेवा | ९० हुलाकबाट |
| • बचत बैङ्क सेवा | २५ हुलाकबाट |

माथि उल्लेखित प्रगतिका अतिरिक्त सातौं योजनावधिमा हुलाक सेवाको सुदृढीकरणका लागि हुलाकहरुलाई आवश्यक मालसामान सम्पूर्ति गर्नुका साथै ५६२ जना प्रशिक्षार्थीहरुलाई हुलाक सेवासम्बन्धी तालिम प्रदान गरिएको छ। यसै सन्दर्भमा विरगन्जमा एउटा सर्टिङ्ग केन्द्रको स्थापना गर्ने कार्य पनि सम्पन्न गरिएको छ।

## आर्थिक वर्ष २०४७/०४८ र आर्थिक वर्ष २०४८/०४९ को प्रगतिः

### क. हुलाक सेवाः

a. धनादेश सेवा विस्तार   २५ हुलाकबाट
b. बचत बैङ्क सेवा विस्तार   ५ हुलाकबाट
c. हुलाक स्थापना   ३०
d. डाँक परिवहन विकास
e. साइकल खरीद

यसका अतिरिक्त कालिकोट र तेह्रथुम हुलाक भवनहरुको निर्माण कार्य पनि पुरा गरिएको छ।

## विद्यमान समस्याहरुः

हुलाक जस्तो अत्यावश्यक सेवाका लागि हालसम्म आधा जति गाउँमा हुलाक खोल्न सकिएको छैन। चिठ्ठीपत्र जस्ता जरुरी कुरा हाम्रा गाउँघरमा पुग्न निकै समय लाग्ने अवस्थाले विद्यमान नै रहेको छ। सातौं योजनाको अन्तको तथ्याङ्कलाई हेर्दा १ हुलाकबाट करिब ६६ वर्ग किलोमिटर क्षेत्रफल र ८१०० जनसंख्यालाई सेवा पुऱ्याउन प्रयत्न भएको देखिन्छ। यो हुलाक क्षेत्रफल र जनसंख्याको अनुपातलाई उल्लेखनीय रुपमा नघटाई छिटो-छरितो सेवा पुऱ्याउन नसकिने देखिन्छ।

## आठौं योजनाको पृष्ठभूमिः

हाम्रोजस्तो भौगोलिक विकटता एवं यातायातको विकास भइनसकेको देशमा सञ्चार क्षेत्रले वहन गर्नुपर्ने महत्वपूर्ण भूमिकालाई दृष्टिगत गर्दा सञ्चारका माध्यमहरुलाई सर्वसुलभ तवरले सर्वसाधारण जनताबीच पुऱ्याउनु नितान्त आवश्यक छ। सञ्चार क्षेत्रमा हालसम्म भएको विकासबाट यस क्षेत्रको आधारभूत संरचना स्थापित भएतापनि संसारमा दिन प्रति दिन विकसित भैरहेको नयाँ एवं अत्याधुनिक सञ्चार प्रविधिहरुको विकास तथा हाम्रो आवश्यकतालाई हेरेर सञ्चारका माध्यमहरुलाई दिगो, भरपर्दो र सर्वसुलभ बनाउने प्रक्रियालाई निरन्तर रुपमा अगाडि बढाउनुपर्ने आवश्यकता अहिले पनि उत्तिकै टड्कारो रुपमा रहेको छ। चार दशक अघिको तुलनामा यस क्षेत्रको विकासामा केही उल्लेखनीय प्रगति देखिए तापनि जनताको आवश्यकता एवं मागको तुलनामा यसको पर्याप्त विकास हुन सकेको छैन। एकातिर विकासको आवश्यकता अनुरुप सञ्चार सेवाको माग निरन्तर बढ्दो क्रममा रहेको छ भने साधन र स्रोतको न्यूनताको तगारो पनि हाम्रो सामु छँदैछ। यस अर्थ सीमिति साधन र स्रोतको कारणले राष्ट्रले लगानी गर्न सक्ने क्षमता कम हुँदा हुँदै पनि यस क्षेत्रको समुचित विका गर्नेतर्फ राष्ट्रको ध्यान जानु जरुरी भएको छ। यस परिप्रेक्ष्यमा किफायती एवं धान्न सकिने सञ्चार माध्यमको रुपमा रहेको हुलाक सेवालाई व्यापक रुपमा विस्तार गरी कमसेकम प्रत्येक गाउँ विकास समितिमा एउटा हुलाक स्थापन गरिनु आवश्यक छ भने आधुनिक सञ्चार माध्यमको रुपमा स्थापित दुर सञ्चार सेवाको शहरी क्षेत्रमा बढ्दो माग र आपुर्तिबीच सामाञ्जस्यता ल्याउन जरुरी छ दुर सञ्चार सेवाले सबै जिल्ला सदमुकाम र महत्वपूर्ण ग्रामीण क्षेत्रहरुलाई समेट्नु पनि उत्तिकै जरुरी छ।

## नीतिः

- देशको व्यापार, उद्योग एवं पर्यटन क्षेत्रमा सघाउ पऱ्याउनका साथै विकासको बढ्दो आवश्यकताहरुको परिपुर्ति गर्दै लैजान दूर सञ्चार र हुलाक सेवाको विकासमा विशेष ध्यान पुऱ्याइनेछ।
- ग्रामीणस्तरमा हुलाक सेवाको विस्तार गर्नुका साथै हुलाक बचत र धनादेश जस्ता वित्तीय सेवा विशेषतः ग्रामीण क्षेत्रमा उपलब्ध गराउन हुलाक सेवालाई बढी सक्रिय तुल्याइनेछ। साथै बाह्य द्रुत हुलाक सेवा शुरु गरिनेछ।
- हुलाक वस्तुहरुको वितरण प्रणालीलाई छिटो र भरपर्दो तुल्याउन आवश्यक सुधार गरिनेछ।
- दुरसञ्चार, टेलिभिजन, रेडियो, हुलाक लगायत सञ्चार क्षेत्रमा कार्यरत अन्य निकायहरुको सेवाको गुणस्तर विकासका लागि जनशक्तिको विकासमा आवश्यक जोड दिइनेछ।

## कार्यक्रमः

### १. हुलाक सेवा विभाग

#### हुलाक स्थापनाः

हुलाक सेवाको विस्तार गरी किफायती एवं धान्न सकिने यस सेवालाई आम जनताबीच सुलभ रुपले पुऱ्याउने उद्देश्य अनुरुप आगामी ५ वर्षमा ४०० वटा इलाका हुलाक र १८०० वटा अतिरिक्त हुलाक स्थापना गरिनेछ। यी हुलाकहरु स्थापना गर्दा कमसेकम प्रत्येक गाउँ विकास समितिभित्र एउटा हुलाक स्थापना हुने गरी स्थापना गरिनेछ।

#### डाँक परिवहन तथा गुणस्तर विकासः

हुलाक बाट प्रदान गरिने सेवालाई छिटो छरितो र गुणस्तरयुक्त बनाउने क्रममा ५ वटा नयाँ डाँक रेखाहरुको विस्तार र ३६ वटै नगरपालिकामा आन्तरिक द्रुत डाँक सेवाको विस्तार गरिनेछ। मूल्यदेय सेवा (Cash on Delivery Service) र बाह्य द्रुत डाँक सेवाजस्ता नयाँ सेवाहरु पनि सञ्चाालन गरिनेछन्। यसको अलावा डाँक परिवहनका साधनहरु र आवश्यक यन्त्र, उपकरणहरुको आपूर्तिद्वारा हुलाक सेवालाई सुदृढ बनाइनेछ। सेवाको गुणस्त र विकासको सन्दर्भमा आगामी ५ वर्षभित्रमा ८०० जना प्रशिक्षार्थीलाई प्रशिक्षण प्रदान गरिनेछ र १० वटा गोष्ठीहरुको आयोजना गरिनेछ।

#### भवन निर्माण तथा विस्तारः

हुलाकहरुलाई भौतिक रुपले सुदृढ बनाउँदै लैजाने क्रममा आगामी ५ वर्षमा ३ वटा जिल्ला हुलाक, १० वटा इलाका हुलाक, एउटा प्रशिक्षण केन्द्र र एउटा केन्द्रीय टिकट भण्डार गरी जम्मा १५ वटा भवनहरुको निर्माण गरिनेछ। यी भवनहरु पूर्वाञ्चलमा ४ वटा, मध्यमाञ्चलमा ५ वटा, पश्चिमाञ्चलमा २ वटा, मध्यपश्चिमाञ्चलमा २ वटा र सुदूर पश्चिमाञ्चलमा २ वटा निर्मित हुनेछन्। विजुली, पानी, शौचालय आदि नभएका हुलाकहरुमा यी सुविधाहरु जुटाउने तथा केही हुलाक भवनहरुलाई विस्तार गर्ने कार्यक्रमहरु पनि सञ्चाालन गरिनेछन्।

#### वित्तीय सेवाको विस्तार

वित्तीय सेवालाई हुलाक मार्फत ग्रामीण क्षेत्रहरुमा विस्तारित गर्ने सिलसिलामा आगामी ५ वर्ष भित्र ४०३ वटा हुलाक बाट धनादेश सेवा र ५९६ हुलाकबाट बचत बैङ्क सेवाको विस्तार गरिनेछ।

## गोश्वारा हुलाक सुदृढीकरणः

काठमाडौंस्थित गोश्वारा हुलाक भवनको विस्तार, काउण्टर सुदृढीकरण, आवश्यक उपकरणहरुको आपूर्ति, पोष्ट बक्स भवनको विस्तार, थप ३००० पोष्ट बक्सको व्यवस्था तथा सल्लाहकारको सेवा समेत उपलब्ध गरी गोश्वाारा हुलाकको कार्यकुशलतामा अभिबृद्धि गरिनेछ।

## हुलाक गुरु योजना

हुलाक सेवालाई बढी स्तरयुक्त, जनमुखी र प्रभावकारी रुपमा विकसित गरी यस सेवालाई राष्ट्रिय विकासको आवश्यकता अनुरुप सञ्चालन गर्दै लैजानका लागि योजनावधिमा एउटा हुलाक गुरु योजना तैयार गरिनेछ।

# अनुसूची १
## सञ्चार खर्चको विवरण

| क्र.सं. | आयोजनाको विवरण | खर्चको विवरण रु. ००० मा | | | | |
|---|---|---|---|---|---|---|
| | | जम्मा खर्च | श्री ५ को सरकार | संस्थान | विदेशी अनुदान | विदेशी ऋण |
| १ | हुलाक सेवा विभाग | ११,२७,७० | ११,०७,७० | - | २०,०० | |
| | इलाका हुलाक स्थापना (४००) | २,६८,०० | २,६८,०० | | | |
| | अतिरिक्त हुलाक स्थापना (१८००) | २,८८,०० | २८,८० | | | |
| | डाँक परिवहन तथा गुणस्तर विकास | १,९६,२९ | १,९६,२९ | | | |
| | भवन निर्माण तथा विस्तार | १,२९,०० | १,२९,०० | | | |
| | धनादेश सेवा विस्तार | ४८,३९ | ४८,३९ | | | |
| | बचत बैंक सेवा विस्तार | ७१,५२ | ७१,५२ | | | |
| | गोश्वारा हुलाक सुदृढीकरण | १,२२,५० | १,०२,५० | | २०,०० | |
| | हुलाक गुरु योजना निर्माण | ४,०० | ४,०० | | | |

## १.४ वन विज्ञान अध्ययन संस्थानः

पूर्वाञ्चल वा मध्य पश्चिमाञ्चल विकास क्षेत्रमा एक नयाँ थप क्याम्पस स्थापना गरिनुको अतिरिक्त पोखरामा एक वन अनुसन्धान केन्द्रको निर्माण गरी स्थापना गरिनेछ। अतिथि गृह, डीन आवास गृह, हेल्थ सेन्टर, शिक्षक आवास, क्याफ्टेरिया, **हुलाक** तथा बैङ्क भवन निर्माण पूरा गरिनेछ।

## भवन निर्माण तथा मर्मत सम्भार सिंहदरबार सचिवालय पुनर्निर्माण योजना

२०३० साल आषाढ २५ गते सिहंदरबार सचिवालय भवन आगलागी भएपश्चाात् सिंहदरबार सचिवालय पहिला चोक भवनलाई बाहिरबाट हेर्दा साबिक बमोजिम र भित्री भाग आधुनिक सुविधायुक्त रुपमा निर्माण गर्ने, काठमाडौं उपत्यकामा छरिएर रहेका श्री ५ को सरकारका सम्पूर्ण मन्त्रालय, सचिवालय भवनहरुलाई सिंहदरबार हाताभित्र एकै ठाउँमा निर्माण गरी नेपालको एक उच्च स्तरीय प्रशासनिक केन्द्र स्थापना गर्न र श्री ५ को सरकारका अन्य विभागीय भवन निर्माणको साथै सिंहदरबार हाताभित्र बाटो, पेटी, ढल आदिजस्ता पूर्वाधारको काम, आवश्यक बैंङ्क, **हुलाक**, पुस्तकालय समेत निर्माण गर्ने उद्देश्यले सिंहदरबार सचिवालय पुनः निर्माण आयोजना कार्यान्वयन भइरहेको छ।

## प्रशासन सुधारः

सातौं योजनाकालमा प्रशासन सुधार अन्तर्गत सामान्य प्रशासन मन्त्रालयबाट सञ्चालित विभिन्न विकास कार्यक्रम तथा मन्त्रालयले नियमित रुपमा सम्पादन गरेको कार्यहरुको समष्टिगत रुपमा संहावलोकन गर्दा प्रशासन सुधारतर्फ भएको प्रगति निम्नानुसार देखिन आउँछ।

प्रशासन सुधारसम्बन्धी अध्ययन अन्तर्गत दश वटा सङ्गठन तथा व्यवस्थापन अध्ययन पुरा भई कार्यान्वयनको लागि सिफारिस गरिएको छ। आवश्यकता अनुसार विभिन्न सङ्गठनहरुलाई व्यवस्थापन सम्बन्धी परामर्श सेवा नियमितरुपमा प्रदान गरिएको छ। समूह विभाजन तथा कार्यविवरणमा **प्रशासन सेवा अन्तर्गत हुलाक समूह** र नेपाल तथ्यङ्क सेवा गठन गरिएको छ।

## क्षेत्रीय स्थितिः

सञ्चार क्षेत्रतर्फको हुलाक सेवाको प्रादेशिक वितरणमा पूर्वाञ्चलमा ५९८, मध्यमाञ्चलमा ६१४, पश्चिमाञ्चलमा ४८६, मध्य पश्चिमाञ्चलमा ३०५ र सुदुर पश्चिमाञ्चलमा २५८ हुलाक कार्यालय कार्यरत छन।

## आठौं योजनामा मुद्रा तथा कर्जा कार्यक्रमः

### ७. शाखा विस्तारः

शाखा विस्तार गर्दा वाणिज्य बैङ्कहरुको या अन्य वित्तीय संस्थानहरुको खर्चमा अनावश्यक वृद्धि भई तिनको मुनाफामा प्रतिकुल असर परेक हुलाक अनुभवको पृष्ठभूमिमा आर्थिक सम्भाव्यताको दृष्टिले व्यवसायिक आधारमा मात्र उपयुक्त स्थानहरुमा शाखा विस्तार गरिनेछ। निरन्तर घाटामा चलिरहेका शाखाहरुको कारोवारकव विस्तार गरी मुनाफामा सञ्चालन गर्ने प्रयत्न गरिनेछ। यसो गर्दा पनि मुनाफामा सञ्चालन हुन नसक्ने देखिएमा नजिकको बैङ्क शाखामा गाभ्ने र बन्द नै गर्ने जस्ता कदमहरु पनि चालिनेछन्। तथापि बैङ्क नभएका क्षेत्रमा या आर्थिक क्रियाकलाप सानै अवधिमा विस्तार हुन सक्ने गुञ्जायस नभएका क्षेत्रमा सीमित रुपमा भएपनि बैंकिङ् सेवा पऱ्याउन आवश्यक कार्यक्रम सञ्चालन गर्न सकिनेछ। यस्ता कार्यक्रममा **हुलाक बचत बैंक, घुम्ती बचत बैंक**, घुम्ती कर्जा बैंक तथा सहकारी कार्यक्रम आदि हुन सक्दछन्।